# संघीय संसद

# राष्ट्रिय सभा

# चौधौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# १० असार २०८०

# आइतवार

# बैठक सङ्ख्या- १६

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १३:०१ बजे प्रारम्भ भयो ।

**(१३:०५ बजे)** **सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, विशेष समयमा बोल्नका लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । अब म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँदछु ।

माननीय सुरेश कुमार आलेमगर । समय ७ मिनेट । यसपछि माननीय भैरव सुन्दर श्रेष्ठ ।

माननीय सुरेश कुमार आलेमगर ।

माननीय सुरेश कुमार आलेमगर ।

माननीय भैरव सुन्दर श्रेष्ठ । समय ११ मिनेट । यसपछि माननीय युवराज शर्मा ।

(१३:०६ बजे) **माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले):-** सम्माननीय अध्यक्षज्यू, आजको विशेष समयमा मैले एक दुइटा विषयहरूमाथि राख्न गैरहेको छु । सर्वप्रथम आफ्नो विषयहरू राखुभन्दा पूर्व जाजरकोट जिल्लामा दुई जना चाहिँ भाइहरू माछा मार्ने सिलसिलामा खोला तर्न खोज्दाखेरि दुई जना धनबहादुर बुढा भन्ने एक जना भाइ र नरबहादुर नेपाली भन्ने हेडागाड नगरपालिकाको भाइ यही ७ गते असार ७ गते र दुखद् निधन भ'को छ । सर्वप्रथम म वहाँहरूको निधनप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकाकुल परिवारजनमाथि हार्दिक समवेदना व्यक्त गर्दै आफ्ना भनाइहरू अगाडि राख्न चाहिँ चाहन्छु ।

विगत केही दिनदेखि कहिले पश्चिमतिर आएको मनसुनको होस् । फेरि पूर्वबाट आएको मनसुनले जनधनको धेरै चाहिँ क्षति चाहिँ भ'को छ । सङ्खुवासभामा एक जनाको मृत्यु भ'को छ भने २१ जना मान्छेहरू अहिले पनि हराइरहेको अवस्था चाहिँ छ । त्यसै गरी पाँचथरमा २ जना मान्छेहरू बिलु भ'को छ । र चार जना मान्छेहरू बेपत्ता पारेका कुराहरू हामीले सुनेका चाहिँ छौं । ताप्लेजुङमा १ जना मानिसको मृत्यु भ'को छ भने ३ जना मान्छेहरू हराइरहेका छन् । यसै गरी ओखलढुङ्गामा एउटै घरका ४ जना मान्छेहरू मृत्यु भ'को छ । सर्वप्रथम म ती मृत्यु हुने सबैप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै सरकारले ती शोकाकुल परिवारजनमाथि उचित क्षतिपूर्ति देओस् र मनसुन वृद्धि भएसँगै, मनसुन आएसँगै । अब ठुलो मौसमविद्हरूको पूर्व अनुमानअनुसार नेपालमा धेरै ठुलो करिब १२ लाख सङ्ख्यामाथि यसले क्षति पुऱ्याउने छ भन्ने कुराहरू आइरहेको छ । त्यसतर्फ नेपाल सरकारले विशेष ध्यान देओस् । उद्धारका सामग्रीहरू त्यो बाढीपहिरो र विपतबाट विस्थापित हुने परिवारहरूलाई कहाँ राख्ने के गर्ने यी यावत कुराहरूको विषयमाथि खाद्यान्नलगायत, औषधि उपचारमाथि विशेष ध्यान देओस् भन्ने कुरो म नेपाल सरकारलाई सम्माननीय अध्यक्षज्यूमार्फत ध्यानाकर्षण गराउँदै आफ्ना भनाइहरूलाई अगाडि राख्न चाहन्छु ।

हाम्रो देशको प्रधानमन्त्री केही दिन पहिले यही गत चाहिँ जेठ १७ गते ४ दिने भ्रमणको सिलसिलामा भारतको प्रधानमन्त्रीले निम्ता गरेरभन्दा पनि छिटोभन्दा छिटो कुनै एउटा पत्रकारले हाम्रो प्रधानमन्त्रीज्यूलाई तपाईंको विदेश भ्रमण पहिलो कहाँ हुन्छ भन्ने कुरा सोधिरहँदा मेरो चाहिँ विदेश भ्रमण भारतबाटै सुरु हुन्छ भन्ने कुरा राखिराखुभ'को थियो । एक देशबाट अर्को देशमा चाहिँ भ्रमण गर्ने कुरा यो सामान्य कुरा चाहिँ हो । चाहे त्यो औपचारिक होस् चाहे त्यो राजकीय होस् । त्यसमा हाम्रो कुनै आपत्ति छैन । र भारतमा गैसकेपछि ७ ओटा कुराहरूलाई ७ ओटा विषयहरूमाथि मैले सम्झौता गरेर आएँ भनेर ठुलो हाम्रो देश एउटा आइस ब्रेक चाहिँ भ'को छ । ब्रेक थ्रु भ'को चाहिँ छ । र त्यही समय सुपरहिट फिल्म भ'को छ भन्ने कुराहरू

राख्नुभ'को थियो र हामीले यही सदनमा सम्माननीय प्रधानमन्त्रीज्यूले आफ्नो कुरा राखिरहँदा केही प्रश्नहरू राख्या थियौं तर यी प्रश्नहरू अनुत्तरित नै रहे । हामी धेरै कुराहरू राखिरहेका थियौं । ती कुराहरूको जवाफ दिनुभएन । यसले गर्दाखेरि म फेरि पनि आज लामो समयपछि हाम्रो यो सभा चलिरहेको छ र ती विषयहरूलाई होममा राख्न चाहन्छु । देशको प्रधानमन्त्री देशको प्रतिनिधित्व गरेर गैसकेपछि जे जेन्युन विषयहरू थिए । भ्रमणमा जानुभन्दा पूर्व वहाँले सार्वजनिक ढङ्गले सर्वदलीय बैठक गर्छु भन्नुभ'को थियो । सर्वदलीय बैठक पनि भए । दुवै सदनमा उपस्थित भएर सुझावहरू माग्नुभ'को थियो । हामीले सुझाव पनि दे'का थियौं । यी सुझावहरूलाई सम्पूर्ण रूपमा बेवास्ता गरेर केही सुझाव ग्रहण गरे पनि तर जुन विषय उठ्नुपर्ने विषयहरू उठाउनुपर्ने विषयहरू थिए । ती विषयहरू त्यहाँ उठेनन् । र यही सदनबाट उहाँले के भन्नुभो' भने माननीयज्यूले जुन प्रश्न राख्नुभ'को छ । ती लिपुलेक, कालापानी, लिम्पियाधुराको विषयमाथि कुरा राखिरहँदा त्यसै गरी ईपीजीको बारेमा कुरा राखिरहँदा अखण्ड भारत चाहिँ इतिहासमा अहिले पनि नभ'को कुराहरू अखण्ड भारतको नक्सा चाहिँ सार्वजनिक भारत सरकारले आफ्नो संसद भवनमा जुन टाँस्यो । त्यही कुरा नेपालका त्यो अखण्ड भारतको त्यो नक्सामा नेपालका केही भूभागहरू समेटिएर आ'का चाहिँ थिए । त्यो विषयमा चाहिँ कुरा उठा'को भए ।

(१३:११ बजे) **पीठासीन**:- माननीय उपाध्यक्ष श्री उर्मिला अर्याल ।

**माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- त्यसै गरी अरू डुब्नका कुराहरू उठा'को भए । स्थिति अलि चाहिँ सम्भावनाहरू थिएनन् । परिस्थिति बिग्रन सक्थ्यो जे अहिले प्राप्त गर्यो ती कुराहरू प्राप्त गर्न सक्ने थिएनन् । त्यस्तै गर्दाखेरि मैले यी विषयहरूलाई महत्त्वपूर्ण रहँदारहँदै पनि विषयको उठान गरेन भन्ने खालको कुराहरू राख्नु चाहिँ भयो । एउटा सार्वभौम सदनको सार्वभौम देशको प्रधानमन्त्री आफ्नो मित्र राष्ट्र भारत भ्रमण गरिरहँदा त्यो ठाउँमा गैसकेपछि लामो समयदेखि लिपुलेक, कालापानी, लिम्पियाधुराको विषयमाथि प्रश्न उठिरहेको छ । त्यो जमिन नेपालको हो त्यो जमिन नेपालको हो भन्ने कुराहरूमाथि हाम्रो पूर्ववर्ती सरकार केपी ओली नेतृत्वको सरकारको पालाचाहिँ सदनको संघीय संसद दुवै सदनबाट हामीले त्यो दुई तहाइ बहुमतसाथ पास गरेको त्यो सन्धि अथवा त्यो हाम्रो भूभाग हो भन्ने कुरा पास गरिसकेपछि त्यो नक्सामा सार्वजनिक भ'को चाहिँ छ । त्यसका बारेमा जोडदार रूपमा सदनबाट उठिसकेपछि भारतमा गैसकेपछि भारतमा ती कुरा उठाउन पर्थ्यो । हाम्रो प्रधानमन्त्रीज्यूले त्यो कुरा उठाउने अब वहाँलाई के लाग्यो त्यो कुरा उठाउँदा वातावरण

बिग्रिन्छ भन्ने कुरा राखुभो' । एउटा सार्वभौम देशको एउटा प्रधानमन्त्री भारतामा गैसकेपछि अखण्ड भारतको नक्सा सार्वजनिक हुँदाखेरि आफ्नो देशका भूभागहरू त्यो देशमाथि नक्सामा अङ्कित राखेर । नक्सामा चाहिँ राखेर । हाम्रो आफ्नो देशको सार्वभौमिकतामाथि प्रश्न चाहिँ खडा हुने गरी भारतले कुरा राख्दाखेरि त्यहाँ वहाँ चाहिँ बोल्न सक्नुहुँदैन ।

त्यसै गरी ईपीजी प्रतिवेदनबारे पनि राख्न सक्नुहुन्न भनेपछि साँच्चै भन्नुपर्छ । वहाँ कुन देशको प्रधानमन्त्री हो? आफ्नो देशको बारेमा देशको जनताको बारेमा आफ्नो सार्वभौम सदनको बोलेका कुराहरूलाई यदि वहाँले त्यहाँ राख्न सक्नुहुन्न भने हामी त्यही भएर बारम्बार भन्दै आ'का छौं । वास्तवमा प्रधानमन्त्री नेपालको त हुनुभो' तर वहाँ भारतबाट निर्देशित एउटा चाहिँ सरकार प्रमुख हुनुहुन्छ भन्ने कुरा यी तमाम् । खालका व्यवहारले सिद्ध भ'का छन् । गजबको कुरा त के छ भन्दाखेरि हामीले त के सोचेका थियौं भन्दाखेरि पोखरा एयरपोर्ट बनेको छ । त्यसै गरी भैरहवामा पनि अन्तर्राष्ट्रियस्तरको एयरपोर्ट बनेको छ । सिमराबाट काठमाडौं आउँदाखेरि धेरै चाहिँ लोड चाहिँ पर्न सक्छ । त्यो सवालमा सबैभन्दा पहिले हवाइ रुटको बारेमा प्रधानमन्त्रीले कुरा राख्नुहुन्छ भन्ने कुरा लागिरहेको थियो । त्यो कुरा वहाँले राख्न आँट गर्नुभएन ।

अर्को कुराः फुकोट कर्णालीजस्तो एउटा जलस्रोत त्यसै गरी तल्लो अरुणलाई भारतलाई सुम्पेर आउनुभो' । हामीलाई त के लागिरहेको थियो भन्दाखेरि हाम्रो प्रधानमन्त्री त्यहाँ गैसकेपछि अप्पर कर्णालीको बारेमा वहाँले जोडदार रूपमा कुरा उठाउनु हुने छ भन्ने कुराहरू हामीले सोचेका थियौं । अप्पर कर्णाली आज १५ वर्षदेखि भारतले ओगटेर बसिरहेको छ । अप्परकर्णालीको बारेमा ती २०७१ सालमा सुसिल कोइराला प्रधानमन्त्री भएको बेला सम्झौता भएको अप्पर कर्णाली साढे चार वर्षमा निर्माण गरिसक्ने भन्ने कुराहरू सम्झौतामा उल्लेख थियो । आज ९ वर्ष बितिसक्दा पनि त्यो अप्परकर्णालीको बारेमा हाम्रो प्रधानमन्त्री बोल्नुहुँदैन र त्यहाँको चाहिने जुन एउटा भारतीय कम्पनीले लिएको थियो । त्यहाँ के लेखिएको थियोभन्दा सम्झौतामा कि अप्परकर्णाली साढे ४ वर्षभन्दा बेसी समय लियो भनेपछि प्रतिमेघावाट प्रतिदिन १३८९ रुपियाँ नेपाल सरकारलाई हर्जना दिने छ भन्ने कुरा त्यो अप्परकर्णालीको सम्झौतापत्रमा उल्लेख भ'को र आज ९ वर्षदेखि अप्पर कर्णाली कुनै गति अगाडि लिएको छैन । त्यसको बारेमा त्यहाँ कुरा उठ्न सकेन । अब अहिले के हो भन्दाखेरि अर्कोतिर चाहिँ बुढीगण्डकी जुन जलविद्युत् परियोजना थियो । त्यो पूर्ववर्ती सरकारले चिनियाँ कम्पनीलाई बनाउनका निम्ति एउटा सहमति गरेर चिनियाँ सरकारसँग सहमति गरेर दिएको थियो । त्यहाँ के भनियो भन्दाखेरि यो अहिलेको गठबन्धन आउनुभन्दा पूर्व प्रधानमन्त्री शेरबहादुर देउवा प्रधानमन्त्री भ'को बेला अहिलेको सम्माननीय प्रधानमन्त्री सहयोगी भूमिका खेलिरहेको बेला के भनियो भन्दाखेरि

प्रतिस्पर्धाविना चीनलाई त्यो एक जना दिइयो अर्थात् बुढीगण्डकी दिइयो । जो १२०० मेघावाटको थियो । त्यस्तो गरिनुहुन्थिएन भन्ने कुरा वहाँले राख्नुभ'को थियो र त्यो चिनियाँ कम्पनी गेजुवा कम्पनी थियो । त्यो कम्पनीलाई दिएको योजना पनि नेपाल सरकारले निर्णय गरेर त्यसलाई फिर्ता गर्ने काम गर्यो र हामी आज देखिरहेका छौं । अप्पर कर्णाली विषयमा र त्यसै गरी तल्लो अरुण विषयमाथि विनाप्रतिस्पर्धा दिन मिल्छ कि मिल्दैन? प्रतिस्पर्धा गराउन पर्छ कि पर्दैन । विनाप्रतिस्पर्धा आज भारतीय सरकारलाई भारतीय कम्पनीहरूलाई दिने काम गरियो । त हाम्रोले देशको सार्वभौमिकता कहाँ गो'? हाम्रो देशको स्वाभिमान कहाँ चाहिँ गयो? हिजो चाहिँ थियो । बुढीगण्डकीमा देखे सार्वभौमिकता अथवा विनाप्रतिस्पर्धा नेपाल सरकारले चिनियाँ एउटा गेजुवा कम्पनीलाई दियो भन्ने कुरा भन्ने । अहिलेका प्रधानमन्त्री सम्माननीय प्रधानमन्त्रीज्यू तपाइँ भारत गैसकेपछि तपाईंले यो दुइटा फुकोट कर्णाली र तल्लो अरुण भनेको कति ११ सय ३५ मेघावाटको जलविद्युत् आयोजना हो । त्यसमा तपाईंले दुवै आयोजनालाई भारतलाई सुम्पिएर तपाइँ आउनुभयो । हामीलाई शङ्का के लागिरहेको छ भन्दाखेरि तपाइँ जुन ७ ओटा विषयमाथि सम्झौता गरेर आउनुभ'को छ । ती ७ ओटा विषयमा सम्झौता गरेर आउँदा ती सम्झौताका अन्तरवस्तुहरू के के हुन्? आज सार्वभौमसत्ताले थाहा पाउने कि नपाउने? आज सार्वभौम जनताले थाहा पाउने कि नपाउने? म सम्माननीय अध्यक्षज्यूमार्फत भन्न चाहन्छु कि सम्माननीय प्रधानमन्त्रीज्यू भारत भ्रमण गरेर आइसकेपछि ७ ओटा विषयमाथि सम्झौता गरेर आएँ । जो २५ वर्षसम्मलाई भन्नुभ'को छ । वास्तवमा ती सम्झौताका सर्तहरू के हुन्? सम्झौता के भ'का छन्? ती सबै कुराहरू सार्वभौम सदनलाई थाहा पाउनुपर्छ । यदि सार्वभौम सदनलाई जानकारी दिएन भनेपछि फेरि पनि नेपाल ठगिएको छ । नेपालप्रति कुठराघात भ'को छ । भारतले धेरै कुरा लिएको छ । हामीले भारतसँग जुन राख्न पर्ने थियो । त्यी विषय राख्न सकेनौं । भारतको हामीले विगतमा जे भन्दै आएका थियौं । सम्माननीय प्रधानमन्त्रीज्यू तपाइँ नेपालको निम्ति होइन । तपाइँ भारतको निम्ति काम गरिराख्नुभ'को छ भन्ने कुरा जो आरोप लगाएका थियौं । त्यो आरोप सिद्ध हुने छ । यसै गरी (सम्माननीय अध्यक्षज्यू मैले १ मिनेट अरू समय लिन चाहन्छु ।)

यसै गरी भारतबाट उत्पादित विद्युत्हरू आज हामीले १० रुपियाँ प्रतियुनिटमा हामी खरिद गर्छौं भने नेपालबाट उत्पादित भएका बिजुलीहरू जो भारतमा बिक्री गरेका छौं । त्यो ८ रुपियाँ ५० पैसामा बिक्री गरिरहेका छौं । म सोध्न चाहन्छु । एउटै हाइड्रो पावरबाट उत्पादित भएका बिजुलीहरू भारतबाट किन्दा हामीले १० रुपियाँ हाल्नुपर्ने । नेपालबाट बिक्री गर्दा चाहिँ ८ रुपियाँ ५० पैसामा बेच्नुपर्ने कुरा त्यस्ता बाध्यात्मक स्थितिहरू किन पैदा भ'का छन्? त्यस

कुरामा तपाईंले किन सहमति गर्नुभ'को छ । यसबाट पनि प्रष्ट हुन्छ कि वास्तवमा तपाईं गलत बाटोमा हिंड्दै हुनुहुन्छ । यसै गरी यिनै कुराहरू म राख्न चाहिँ चाहन्छु र यहीसँगै आज भारतले जसरी नेपालका नदीनालाहरूमाथि हस्तक्षेप गर्ने कोसिस गरिरहेको छ । त्यसमा अहिलेको सरकार..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय युवराज शर्मा । समय ७ मिनेट । त्यसपछि माननीय मदन कुमारी शाह (गरिमा) ।

(१३:१८ बजे) **माननीय श्री युवराज शर्मा (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, जन्मसिद्ध नेपाली नागरिकका सन्तानलाई नागरिकताको प्रमाण पत्र प्राप्त गर्ने बाटो खुलेको छ । त्यसलाई मैले संविधान र संसदको गरिमा पुनर्स्थापित भएको रूपमा बुझेको कुरा प्रष्ट गर्न चाहन्छु । त्यस्तै अन्तरजातिय विवाहका कारण झुट्टा मुद्दाका आधारमा थुनिन पुगेका श्री मनोज र साथमा आफ्ना श्रीमानलाई जेल मुक्त गराउन हिडेकी श्री वविताप्रति पूर्ण सहानुभूति राख्दै राज्य र न्यायलयसँग न्यायको अपेक्षा पनि राखेको छु । कुन्नी किन हो । चौधौं औधोगिकीकरणको युगमा पनि हाम्रो समाजको सोच बदलिन सकिरहेको छैन । र गहिरिएर अध्ययन गर्दा बदलिने सम्भावना पनि देखिँदैन । फाटफुट भागेर गर्ने विवाहले एउटा तरङ्ग त ल्याउँछ तर केही समयपछि त्यो शान्त हुन्छ । र समाज पुनः फेरि पुरानै लयमा फर्किन्छ । कानुनद्वारा विवाह प्रथा नै खारेज गर्न पनि सम्भव छैन । किन भने जबसम्म मन्दिरमा घण्टा घडियाल बज्दछ, शंखध्वनी हुन्छ । मस्जितमा ..... गिर्जाघर, चर्चमा प्रे र अन्य गतिविधि भइरहन्छ । जबसम्म संस्कारको अन्त्य हुँदैन । र मागि होस् वा भागि विवाह यो प्रथा र संस्कार दुवै हो । यस प्रथाले बाबु, बाजेको सम्पत्ति ढुकेर बस्ने उत्तराधिकार प्रथालाई जन्म दिएको छ । जसले समाजलाई अकर्मन्य बनाएको छ र पारिवारिक द्वन्द्व निम्टाएको छ । यस सन्दर्भलाई यतिकैमा म अल्पविराम दिन चाहन्छु ।

पहिला पहिला नेपाललाई सिङ्गापुर बनाउन सकिने चर्चाहरू राजनीतिकवृत्तमा खुब चल्ने गर्थ्यो । मैले यस पटकको बाके जिल्लाको बसाइको क्रममा गाउँ जाँदा सिमेन्ट र ईट्टाको पक्की घरको सङ्ख्या बढी देखें । ..... गाउँहरूमा होटल दुई तीन ओटा रक्सी पसल, किसानको खाद्यान्न बाली खरिद गर्ने दुई तीन ओटा महाजनका गद्दी पनि देखें । जसले वर्षायाममा किसानलाई उधारो पैसा वा वस्तुहरू दिने सिजनमा सस्तोमा खाद्यान्न बाली खरिद गर्ने गर्दछन् ।

जनसङ्ख्या र परिवार सङ्ख्यासमेत बढेकोले खेत खेतसम्म ग्राभेल बाटो पुऱ्याइँदै गरेको देखें । यसरी अव्यवस्थित सहरीकरण थिँदैथियो । अव्यवस्थित बन्दै गएको गाउँ पनि देखियो । पानीको मुहान पनि सुक्दै गएको छ त्यहाँ । अब त कर्णाली प्रदेशको कालीकोट, खलङ्गा सबैतिर नेपालगञ्जबाट ईट्टा ढुवानी गरेर पक्की घर बन्दै गरेका देखिन्छन् । जुम्लाको पहिचान र सौन्दर्य बढेको भनु वा बिग्रिएको, जुम्लाबासीलाई नै सोध्नुपर्दछ । मलाई त सिङ्गो नेपाल नै कङ्क्रिटको जङ्गलमा परिणत भएको देखिँदैछ । त्यो पनि ..... अव्यवस्थित । सिङ्गापुरको व्यङ्ग्यचित्र बन्दै गएको छ नेपाल । अहिलेको मेरो बाँकि प्रवासमा मेरा प्रजातन सेनानी नेपाल भारत सीमा नजिक बाले गाउँ निवासी लक्ष्मण प्रसाद वर्मासँग भेट्दा उनी छिमेकी मित्र राष्ट्र भारतद्वारा बनाइएका अन्तर्राष्ट्रिय नियम विपरितका बाधँ र दशगजाको बगलबाट निकालिएका सडकले नेपालमा पर्न सक्ने ढुवानको समस्या बारेमा चिन्तित देखिन्थ्ये । त्यस्तै यस वर्ष थोरै वर्षाको सम्भावनाले पनि उनलाई चिन्तित बनाएको थियो । वास्तवमा २००७ सालको क्रान्तिपछि विद्यालय खोल्ने, विद्यालयलाई जग्गा दान दिने पूर्वी समुदायसहित अन्य मधेशी समुदाय अग्रि थिए । यसको हेक्का र गौरव दुवै देखिन्थ्यो लक्ष्मणजीमा ।

अब जन्मसिद्ध नेपाली नागरिकका सन्तानलाई बंशजको आधारमा नागरिकता प्राप्त गर्न सक्ने अधिकारले उहाँलाई प्रसन्न बनायो भने यसैले नेपाललाई फिजिकरणको बाटोमा लग्छ भन्ने विचारप्रति आक्रोशित देखुहुन्थ्यो र दुखी पनि । उहाँ भन्दै हुनुहुन्थ्यो छिमेकी मित्र राष्ट्रको क्रियाकलापले मधेसलाई चिन्तित बनाएको छ । हामी सीमामा बस्ने झन चिन्तित छौं । र त्यसै पनि यो कसले बुझिदिने? अनि किन यस्तो निम्छेरा कुरा उठाइन्छ? उहाँले काठमाडौंका मेयर बालेन शाहले आफ्नो कार्यकक्षमा झुन्डयाएको ग्रेटर नेपालको नक्सा र हाल हिन्दी चलचित्र आदिपुरुषसहित अन्य हिन्दी भाषाको फिल्मलाई काठमाडौंमा लगाएको प्रतिबन्दतर्फ सङ्केत गर्दै मसँग उहाँले बालेन शाह कुन मुलका हुन? भन्ने प्रश्न तेर्साउन पुग्नुभो' । मेरा मित्र लक्ष्मणसँग मैले नेपाली मुलका हुन् भनी ..... लिएको कुरा झल्झली सम्झिन्छु, सम्झिनेछु । र त्यसैले मधेसकै प्रतिनिधित्व गरेर बोलेका लक्ष्मणजीका कुरा संदनमा राख्नु आफ्नो दायित्व सम्झेर आज राख्न पुगेको छु ।

चीनका लागि नेपाली राजदुत विष्णु पुकार श्रेष्ठले, महामहिम विष्णु पुकार श्रेष्ठले Globalization र Global Civilization iniciative बारे अध्ययन हुँदैछ भन्ने बयान दिनु र चीनले जिसिआई कार्यान्वयनमा गइसकेको छ भनी दिएको बयान बारे नेपाल सरकारको आधिकारिक धारणा बाहिर आउनुपर्दछ । नत्र अन्य मित्र राष्ट्रले पनि नभएका सन्धि सम्झौता बारे धारणा बाहिर ल्याउन थाले भने स्थिति कहाँ पुग्ला?

वर्षा सुरु भएको छ । बाढी, पहिरोले धनजनको क्षति सुरु भइसकेको छ । अझ क्षति बढ्दै जान सक्दछ । नेपाल सरकारको तयारी फलदायी बन्न सकोस् । अब शितलहर र बढ्दो गर्मीसँग वहने तातो हावालाई पनि विपद्को रूपमा परिभाषित गरी व्यवस्थापन गर्नु अनिवार्य भइसकेको छ । नेपाल सरकारको ध्यान यसतर्फ पनि आकृष्ट गराउन चाहन्छु । बाढी पहिरोको जोखिमलाई स्थायी रूपमा न्यूनिकरण गर्ने उपायहरू अब अवलम्बन गर्न त्यस्ता ठाउँहरूबारे अध्ययन सुरु गर्नुपर्दछ । नेपालगञ्जकै कुरा गर्दा सुर्खेत राजमार्ग स्थित शिक्षा विकास तथा समन्वय ईकाइ बाँकेको कार्यालयअगाडिको सडकमा बनेको पुलको ढाँचालाई परिवर्तन गरी निर्माण गर्न सकेमा नेपालगञ्ज नगरको प्रत्येक वर्ष हुने डुवानलाई नियन्त्रण गर्न सकिन्छ । जसको लागत ५० लाखभन्दा बढी छैन । तर आजसम्म कुनै सरकार र २ नम्बर क्षेत्रका सांसदको ध्यान त्यता गएको देखिँदैन ।

सांसदको अनुपस्थिति उहाँहरूले प्रयोग गर्ने भाषा सम्माननीय प्रधानमन्त्रीप्रति निम्ठो र कठाक्ष  र टिप्पणी बारे बिचार गर्दा सांसदको गरिमा बढाउन समयसापेक्ष आचारसंहिता र नियमावली आवश्यक देखिन्छ । भाषैको कुरा गर्दा अहिले भर्खरै रिलिज भएको एउटा हिन्दी चलचित्रमा प्रयोग गरेको भाषाले भारतमै तहल्का मच्चाइरहेको छ । विवाद बढाएको छ तर हाम्रा काठमाडौंका मेयर भने राजनीतिक दलका नेतालाई खोलामा फाल्नुपर्दछ भन्ने असभ्य र अशिष्ट बयान जारी गर्दछन् । न्यायलयको आदेश मान्दिन भनेर ठाडो चुनौती दिन पुग्दछन् । उनको स्तरहिन फ्लोअर्स वाह वाह गर्दछन् । अब हाम्रा नेताले पनि हिजोका दिन झैं आफ्नो क्षेत्रको ..... जगाइ शक्तिमान बन्नु सक्नुपर्दछ ।  ओरालो लागेको मृग जस्तो बन्नुभएन ।

अन्तमा आज संविधानअनुसार सङ्घीयता कार्यान्वयनको कुरा उठ्दछ तर कर्मचारी व्यवस्थापनका लागि चार महिनादेखि माननीय मन्त्रीज्यूलाई कर्मचारीको लिष्ट नै उपलब्ध गराइएनन् भन्ने सुन्दा आश्चय लाग्दछ । त्यस्तै वीर अस्पतालमा स्वास्थ्य सामग्रीको खरिदमा अनियमितताको कुरा समाचारमा प्रकाशित भएको देख्दा मस्तिष्कले चक्कर खान्छ । आज एमबिए र कम्प्युटर इन्जिनियरमा उतीर्ण गरेका युवक मसँग चाहिँ प्राइभेट नोकरीका लागि भन्न आउँदछन् । तब अत्यन्त दुःख लाग्दछ । म सम्माननीय अध्यक्षज्यूमार्फत सरकारसँग शिक्षित वेरोजगारीको अन्त्यका लागि के उपाय छ? भनी सोध्न चाहन्छु, साथै बजेट पनि भर्खरै आ'को अन्त पनि चाहन्छु । धन्यवाद । जय नेपाल ।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय मदन कुमारी शाह (गरिमा) । समय १२ मिनेट । त्यसपछि माननीय खिमलाल देवकोटा ।

(१३:२६ बजे) **मानननीय श्री मदन कुमारी शाह गरिमा (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, आज म असाध्यै पिडाबोधका साथ यो रोस्टममा उभिएको छु । म सुदुरपश्चिमको बासिन्दा, सुदुरपश्चिमको प्रतिनिधि भनेर गर्व गर्ने दिन कहिले आउँला भनेर सोचिरहेको छु । सुदुरपश्चिमलाई हेर्ने सिंहदरबारको दोषी चस्मा कहिले फेरिएला? नमागेरै सुदुरपश्चिममा विकासको मुल कहिले फुट्ला? सुदुरपश्चिम विश्वविद्यालय चाहियो आन्दोलन गर्नुपर्ने, टिकापुर पोलिटेक्निक इन्स्टिच्युट चाहियो आन्दोलन गर्नुपर्ने, आन्दोलन नगरि केही नपाउने हामी कस्तो परम्परा बसाल्दै छौं । जे का लागि पनि शक्ति प्रदर्शन गर्नुपर्ने, काठमाडौं धाउनुपर्ने यस्ता बाध्यकारी अवस्थाको अन्त्य कहिले होला? यसकारण म सारै दुखित् छु ।

सम्माननीय अध्यक्षज्यू, कैलालीको गेटामा दिनहुँ आन्दोलन भइरहेको छ, सिंहदरबार अनविज्ञ छ । मलाई त्यस्तो लाग्दैन तर दुःखका साथ भन्दैछु जायज मागको आवाजलाई सिंहदरबारले सुन्न चाहेको छैन । वेवास्ता गरिरहेको छ । सम्माननीय अध्यक्ष महोदय, नेपाल सरकारले माघ २९ गते मन्त्रिपरिषद्को निर्णयबाट कैलालीको गेटामा सहिद दशरथचन्द राष्ट्रिय स्वास्थ्य विज्ञान विश्वविद्यालय बनाउने निर्णय गरेको थियो । सरकारको यस निर्णयबाट सुदुरपश्चिमका जनता असाध्यै खुसी भएका थिए । स्वास्थ्य, शिक्षाको हव बनाएर यो क्षेत्रलाई चिनाउन सकिने भयो । जनताको जीवनस्तरमा परिवर्तन ल्याउन सकिने भयो भनेर सरकारलाई धन्यवाद दिइरहेका थिए । सरकारको निर्णयलाई कार्यान्वयन तहमा लैजान आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रमा गेटामा सहिद दशरथचन्द राष्ट्रिय स्वास्थ्य विज्ञान प्रतिष्ठान बनाउने भनेर भनियो । यसै सदनमा मैले सुदुरपश्चिमका जनताको तर्फबाट सरकारलाई धन्यवाद दिएको थिएँ । बहुमतका साथ संसदले सरकारको नीति तथा कार्यक्रम पारित गरेको थियो । त्यसपछि रातारात शिक्षा र स्वास्थ्य क्षेत्रका माफियाहरूले खोइ के खेल खेले । आर्थिक वर्ष २०८०/०८१ को बजेटमा सय शैयासहितको स्वास्थ्य विज्ञान प्रतिष्ठान बनाउने भनेर आयो । त्यसपछि निरन्तर कैलालीमा आन्दोलन भइरहेको छ । गेटामा स्वास्थ्य विज्ञान प्रतिष्ठान होइन स्वास्थय विज्ञान विश्वविद्यालय नै स्थापना गरिनुपर्छ भनेर भइरहेको आन्दोलनप्रति म पूर्णत ऐक्यवद्धता जनाउन चाहन्छु । यद्यपी संसदमा पुनःसम्माननीय प्रधानमन्त्रीज्यूले प्रतिष्ठान होइन स्वास्थ्य विज्ञान विश्वविद्यालय नै बनाउने हो । बजेटमा प्रिन्ट मिस्टेक हो भनेर भन्नुभएको छ । तथापि जनता अझै आश्वस्त हुन सकिरहेका छैनन् । तसर्थ आन्दोलनकारीहरूसँग वार्ता गरेर उहाँहरूलाई आश्वस्त पार्न म नेपाल सरकारसँग आग्रह र माग गर्दछु ।

सम्माननीय अध्यक्षज्यू, मैले सुनिरहेको छु । नेपालमै नभएको सुदुरपश्चिममा विश्वविद्यालय किन चाहियो? हुन सक्दैन, चल्न सक्दैन आदि इत्यादी यस्तो भन्ने र सोच्ने तथाकथित महानुभावहरूलाई म स्मरण गराउन चाहन्छु । सुदुरपश्चिम नेपालमै पर्छ । सुदुरपश्चिमलाई सधैं कम आँक्ने, अन्याय गर्ने, विभेद गर्ने, दोषि नजर र सोचको म विरोध गर्दछु । समावेशी विकास र सकारात्मक विभेदको सिद्धान्तका कुरा गरेर थाक्दैनौं तर काम ठिक त्यसको उल्टो गर्छौं । गेटामा अरबौंको भौतिक संरचना बनिसकेपछि ३०० शैयाको अस्पताल सञ्चालन गर्ने निर्णय सम्माननीय शेर बहादुर देउवाज्यू प्रधानमन्त्री भएको बेला भएको थियो । पछि सुनियो त्यसलाई २०० शैयामा झारियो भनेर हुँदाहुँदा अहिले १०० शैयाको अस्पताल चलाउने भनेर बजेटमा भनिएको छ । यस्ता अन्यायपूर्ण निर्णय नगर्न र गेटामा सहिद दशरथचन्द राष्ट्रिय स्वास्थ्य विज्ञान विश्वविद्यालय बनाउने निर्णय इमान्दारिपूर्वक लागु गर्न सरकारसँग जोड्दार माग गर्दछु ।

सम्माननीय अध्यक्ष महोदय, सुदुरपश्चिम यस्तो क्षेत्र हो जहाँका जनताले पञ्चायतकालमा पाइरहेका सुविधा आज पाइरहेका छैनन् । टिकापुरमा सञ्चालित एयरपोर्ट आज बन्द छ । त्यति बेला भन्सारमा रहेको क्वारेन्टाइन आज छैन ।कैलाली क्षेत्र नम्बर १ र २ का सांसदहरूलाई दैनिक ४०/५० एसएमएस आइरहेका छन् । ती एसएसएसहरूमा एउटै प्रश्न सोधिरहेको छ । २०७५ सालमै मुल भन्सार भएको सती भन्सारमा क्वारेन्टाइन कहिले स्थापना हुन्छ? म यही प्रश्न सरकारसँग गर्न चाहन्छु । स्वस्थकर खाद्यबस्तु उपभोग गर्न पाउनुपर्ने अधिकारका लागि सरकार सती मुल भन्सारमा क्वारेन्टाइन कहिले स्थापना हुन्छ? द्वन्द्वकालमा विस्थापित भएको क्वारेन्टाइन यस आर्थिक वर्षमा स्थापना होस् सम्बन्धित पक्षसँग जोड्दार माग गर्दछु ।

सम्माननीय अध्यक्ष महोदय, एक जना युवा एक्लै २ गतेदेखि माईतीघरमा धर्नामा बस्नुभएको छ । मलाई थाहा छैन । सिंहदरबारले त्यो एक्लो युवालाई देख्यो कि देखेन? उनको आवाज सुन्यो कि सुनेन्? उनलाई देख्ने र सुन्ने काम भएको छैन । किन कि विरेन्द्र जैसी नाम भएका ती युवा माईतीघरमा आज पनि धर्नामै बसिरहेका छन् । सम्माननीय अध्यक्षज्यू, २०७३ साल फागुन १ गतेका दिन कैलाली जिल्लाको साविक पथ्रिया गा.वि.स.वडा नम्बर ६ हाल जानकी गाउँपालिकाको वडा नम्बर ८ मा जङ्गलबाट राङ्गागाढामा काठ ल्याइराखेको समूहलाई अंम्राहवती प्रहरी चौकीबाट खटिएका प्रहरी नायव निरिक्षक ब्रिजलाल अधिकारीसहितको टोलीले सोधपुछ गर्ने क्रममा उक्त समूहले प्रहरी टोलीमाथि आक्रमण गरी प्रहरी नायव निरिक्षकलाई मरणासन्न अवस्थामा पुऱ्याएको प्रहरी जवानले सहायता माग्दा स्थानीयहरू प्रहरी टोलीको सहयोगार्थ जाँदा प्रहरी टोलीले आक्रमणकारी ठानी गोली चलाउँदा विरन्द्र जैसी घाइते हुनुभएको थियो । पछि सरकारले एक लाख एकानब्बे हजार रूपैयाँ औषधी उपचारका लागि

उपलब्ध गराएको थियो । औषधी उपचारपछि ज्यान बाँचे पनि विरेन्द्र जैसीको स्वास्थ्य अवस्था दिन प्रतिदिन कमजोर हुँदै गएको छ । अहिले पनि समय समयमा स्वास्थ्य उपचार गराउनुपर्ने अवस्था छ । घरको आर्थिक अवस्था कमजोर र प्रहरीको गलत फ्यामिलिका कारण गोलीको सिकार हुन जाँदा स्वास्थ्य अवस्था पनि कमजोर भएको छ । कर्तव्य पालनाको सिलसिलामा प्रहरीको सहायताको लागि जाँदा आफ्नो स्वस्थ शरिर गुमाएर रोगी शरिर कमजोर शरिर लिए बाँच्न बाध्य युवा विरेन्द्र जैसीले माग गर्नुभए झै उहाँलाई आजीवन निःशुल्क औषधी उपचार र उपयुक्त रोजगारको व्यवस्था मिलाइ दिन सम्माननीय अध्यक्षज्यूमार्फत म सरकारसँग जोड्दार माग गर्दछु ।

अन्तमा सुदुरपश्चिम प्रदेश सरकारका आन्तरिक मामिला मन्त्री माननीय पृथ्वी बहादुर सिंह उहाँकी धर्म पत्नी र भाउजुको दुर्घटनामा दुःखत् निधन भएको प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु । र घाइतेहरूको शिघ्रलाभको कामना गर्दछु । यसै गरी कोशी प्रदेशका ओखलढुङ्गा, पाँचथर, ताप्लेजुङ्ग, संखुवासभालगायतका जिल्लामा भएको भिषण वर्षाका कारण आएको बाढी, पहिरोबाट भएको ठुलो जनधनको क्षतिप्रति ज्यादै दुखित् छु । बाढी,पहिरोबाट केहीको ज्यान गएको, केही वेपत्ता भएको, मोटर पुल, वेलिब्रिज तथा मेची राजमार्गलागायतका सडकहरू क्षतिग्रस्त भएका छन् । अमूल्य जीवन गुमाउनेहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । वेपत्ताहरूको खोजी र उद्धारका लागि सम्माननीय अध्यक्षज्यूमार्फत सम्बन्धित पक्षको ध्यान आकर्षण गराउन चाहन्छु । क्षतिग्रस्त भौतिक संरचनाहरूको यथाशिघ्र मर्मत गर्न माग गर्दछु । प्राकृतिक विपतिबाट भविष्यमा हुनसक्ने क्षतिबाट बच्न पूर्वतयारीको लागि सम्माननीय अध्यक्षज्युमार्फत सम्बन्धित पक्षको गम्भीर ध्यान आकर्षण गराउन चाहन्छु ।

त्यसै गरी हिन्दी चलचित्र आदिपुरुषमा सीतालाई भारतीय छोरी भनेर चित्रित गरिएको प्रति गम्भीर आपत्ति प्रकट गर्न चाहन्छु । र यसमा नेपाल सकारको पनि ध्यान जाओस् भन्ने कुरा राख्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय खिमलाल देवकोटा । समय ५ मिनेट । त्यसपछि माननीय राधे श्याम पासवान ।

(१३:३५ बजे) **माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)**:- सम्मानीय अध्यक्ष महोदय, आज असार १० गते स्थानीय तहले बजेट पेस गर्ने दिन । सर्वप्रथम यस अवसरमा म सबै

स्थानीय तहप्रति हार्दिक शुभकामना व्यक्त गर्दछु । बजेट तर्जुमा गर्दा स्थानीय, सामाजिक, आर्थिक र पूर्वाधार विकासमा योगदान पुग्ने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढाउने, स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने, पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरणमा अभिवृद्धि हुने, दिगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुऱ्याउने, भाषिक, सांस्कृतिक पक्षको जगेर्ना एवम् सामाजिक सदभाव् र एकता अभिवृद्धिमा लाभ पुग्नेलगायतका पक्षहरूलाई ध्यान नै दिने छन् भन्ने मैले अपेक्षा लिएको छु ।

वडाको केन्द्रसम्म सडकको पहुच, शिक्षा, स्वास्थ्य, रोजगारीलगायतको माध्यमबाट नागरिकलाई आआफ्नो स्थान, गाउँ, टोलमा नै टिकाउने । वडाको भूगोल, जनसङ्ख्या, विकासको स्तरलगायतको आधारमा स्रोत, साधनको न्यायोचित बाँडफाँड गर्ने । अवण्डामा बजेट नराख्ने, जमिनलाई बाँझो नराख्ने, बहुवर्षीय र क्रमागत आयोजनाहरूको स्पष्ट आधार र मापदण्ड बनाउने, स्थानीय आन्तरिक वित्तीय स्रोत, साधनलगायतको अधिकतम प्रयोग गर्ने, Activity सहित Business Plan, Procurement Plan बनाउने, खर्चमा मितव्ययी, वित्तीय अनुशासन र सुशासनमा सहयोग पुग्ने, समाजका सबै वर्ग, क्षेत्र र समुदायको अधिकतम सहभागिता सुनिश्चित गर्ने, अन्तर स्थानीय तह, प्रदेश र सङ्घसँगको समन्वय र सहकार्यमा जोड दिने, विषयगत क्षेत्र, भौगोलिक, लैङ्गिक, जातिय, समुदायगत सन्तुलन मिलाउने, अनुगमन र मूल्याङ्कनसहित योजना कार्यान्वयनको कठोर समय सीमा बनाउनेलगायतका पक्षहरूलाई पनि स्थानीय तहले ध्यान नै दिने छन् भन्ने अपेक्षा पनि लिएको छु । स्थानीय तहलाई सफा, समुन्नत, उज्यालो, समावेशी, बालमैत्री, जेष्ठ नागरिकमैत्री, अपाङ्गमैत्री, पोषणमैत्री, हरियाली, प्रविधिमैत्री पूर्वाधारयुक्त, भ्रष्टचारमुक्त आदि बनाउने अभियानमा सफलता मिलोस् भन्ने मेरो थप शुभकामनासहित यो पक्षलाई मैले यहीँ विट मार्छु ।

विषय अलिकति फरक छ, सम्माननीय अध्यक्ष महोदय । संसारै चकित भएको हालसालैको एउटा घटनाबाट थप विषय सुरु गर्छु । नेपालभन्दा ४६ गुणा ठूलो कोलम्बियाको विशाल र घना अमेजन जङ्गलमा केही साताअगाडि विमान दुर्घटनामा परी १३ वर्ष, ९ वर्ष, ४ वर्ष र १ वर्षका चार जना बालबालिकाहरू अमेजन जङ्गलबाट ४० दिनपछि जीवितै उद्धार गरिएको थियो । विमान दुर्घटनाबाट जिवित रहनु अकल्पनीय र अविश्वसनीय नै हो । जङ्गली जनावारलगायतबाट सुरक्षित रहेर ४०/४० दिनसम्म बाँच्न सक्नुफेरि त्यो पनि ससाना बालबालिकाहरू थप आश्चर्य हो । संसारभरीका सञ्चारमाध्यमहरूदेखि दुनिया नै यो विषयमा एकदमै चकित छ । समाचारहरू आइरहेका छन् । वास्तवमा ती बालबालिकाहरू जङ्गली

परिवेशबाट चाहिँ परिचित रहेछन् । ठूलाठूला सर्प, विभिन्न जनावर, लामखुट्टेको विगविगीलगायतबाट कसरी बाचे होलान् भन्ने खुल्दुली पनि दुनियालाई अहिलेसम्म छ ।

कुन फल खान योग्य र कुन विषालु हो भन्ने सबै उनीहरूलाई थाहा रहेछ । फलफूल, बीउ, जरा र बोटबिरुवा खाएर उनीहरू ४० दिनसम्म जीवित रहे । अध्यक्ष महोदय, मैले यो प्रसङ्ग यहाँ किन जोडेको हो भने हाम्रा सहर, बजारका बालबालिकाहरूलाई न त जङ्गलको परिवेश थाहा छ, न त गाउँ, समाजको नै । ताजा दुध कसरी बन्छ? कसरी कुन चिजबाट बन्छ? के ले जन्माउछ? धान, चामल, तरकारी, फलफूल चाहिँ कसरी बन्छ? कहाँ फल्छ? भनेर केटाकेटीलाई सोध्दाखेरि सबैको उत्तर चाहिँ मेशिनै भन्ने आउछ । (मैले एक मिनेट समय थप मागे अध्यक्ष महोदय) अझ जङ्गलको परिवेशको त कुरै नगरौं । हामीले हाम्रा बालबालिकाहरूलाई गाउँ, समाज, भाषा, कला संस्कृतिलगायत विविध परिवेशको बारेमा चाहिँ ज्ञान दिनुपर्‍यो । त्यो पनि स्थलगत अनुगमनसहित । समयसमयमा जङ्गलको वातावरणलगायतका बारेमा पनि सिकाउनुपर्‍यो, देखाउनुपर्‍यो । बालबालिका मात्रै होइन स्कूल, कलेजका विद्यार्थीलाई पनि यो जरुरी छ । अझ कलेजका विद्यार्थीलाई त कम्तिमा एक महिना अन्तरप्रदेशको स्थानमा बस्ने, श्रम पनि गर्ने, स्थानीय तहसँग समन्वय गर्ने र त्यहाँ Intern पनि गर्ने, काममा पनि लगाउनुपर्दछ । र यसलाई पाठ्यक्रममा पनि समावेश गर्नुपर्छ ।

अध्यक्ष महोदय, प्रदेशले असार १ मा बजेट ल्याए । बजेट ल्याउनुभन्दा ३ दिनअगाडि एउटा प्रदेशका अर्थमन्त्रीले मलाई सोध्नुभयो (मैले सिध्याउन लागे अध्यक्ष महोदय) प्रमुख विपक्षीले डेढ अर्ब बराबरको रकम हामीसँग मागेका छन् । हामी त्यस रकमको योजनाको लिस्ट बनाएर दिन्छौं भनेर माग्नुभएको छ । केन्द्रमा पनि अर्थमन्त्रीसँग रु. २० अर्बको त्यस्तै सहमति भएको छ अरे के हो भनेर मसँग सोध्नुभयो । मैले मलाई थाहा छैन बुझौंला भने, मलाई यसमा खासै मलाई पत्यार पनि छैन । बुझ्ने प्रयास पनि मैले गरिन् । तर अहिले बजेटमा जसरी छलफल र बहस भइरहेको छ हो कि भन्ने मेरो अनुमान हो ।

माननीय अर्थमन्त्रीले योजना लेनदेनलगायतका विषयमा सौदावाजी गर्नुभएको हो भने गलत गर्नुभयो । अर्थमन्त्रीले विवादास्पद निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम राख्नुभयो । प्रदेशले पनि त्यही सिको गरे, विपक्षीसँग योजना लेनदेनमा सौदावाजी भएको हो भने प्रदेशकाले पनि त्यही गर्छन् सुन्दैछु । अहिले ..... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय राधे श्याम पासवान । समय ७ मिनेट । त्यसपछि माननीय दिल कुमारी रावल थापा पार्वती ।

(१३:४२ बजे) **<u>माननीय श्री राधे श्याम पासवान (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, हामीले कुन संस्कार बसाल्न खोज्दै छौं? कसरी हामीले आफ्नो शब्दहरू प्रयोग गरिरहेका छौं । अस्ति भर्खर आफ्नो प्रधानमन्त्री भारत भ्रमणमा जानुभएको थियो र भारत भ्रमणमा जाँदाखेरि त्यहाँ सम्झौताहरू गरेर आएपछि दुवै सदनमा आफ्नो वक्तव्य दिनुभो' र वहाँले हाम्रा माननीयज्यूहरूले हरेक प्रश्नको वहाँले गम्भीरतापूर्वक जवाफहरू दिनुभो' तर पनि हामीले सदनमा जथाभाबी कुराहरू गरिरहेको छौं । के यो हामीले गरेका जायज हो त? यो कुन संस्कार हामी बसाल्न खोज्दै छौं । त्यसकारणले हामी ध्यान दिनुपर्ने कुराहरू छन् । कि पटक पटक हामी भन्दै गरेका छौं कि हाम्रा माननीयज्यूहरूले बोलिराख्दा गम्भीरतासाथ बोल्नुपर्छ हामीले पहिला पनि सरकारहरू चलाए । जुन महाकाली सन्धिहरू भयो । यो कसको पालामा भो? के त्यो समयमा कसरी भएको थियो महाकाली सन्धि? जुन कि २५ अर्ब आउँछ भनेर हाम्रो जनतालाई भनेको थियो । तर के त्यति बेला २५ अर्ब आइरहेको छ अहिलेसम्म? तर पनि हामीले अहिले जुन सम्झौताहरू गऱ्यौं त्यो विषयमा हामी अनाहत चर्चा परिचर्चा गर्दै छौं । त्यसकारणले यो पूर्वाग्राहीय रूपमा हामी यो प्रश्नहरू नगरौं । सभ्यमा हामीले प्रश्नहरू राखौं । त्यो नै राम्रो हुन्छन् ।

अर्को अध्यक्ष महोदय, हामी नेपाली हौं भनेर यो देशका मधेसीले, मुस्लिमले, दलितले, जनजातिहरूले सधैं परिचय दिनुपर्छ त? हामीले एउटा नागरिक बन्नको लागि आत्मदाहको गर्नुपर्ने अवस्था आ'को छ । जुन कि काठमाडौंमा नै आत्मदाहको प्रयास गरियो । जनकपुरमा आत्मदाहको प्रयास गरियो । त्यसपछि नागरिकता प्राप्त हुँदो रहेछ । यो के हो अध्यक्ष महोदय? यो कस्तो हामीले परम्परा बसाल्न खोज्दै छौं? देशलाई हामी कता लान खोजिरहेका छौं? हामीले यो देशलाई कतातिर डोऱ्याउन खोज्दै छौं? यसकारणले यही संसदबाट र यही संविधानबाट जुन संविधान हामी जारी गऱ्यौं । संविधानबाट नै धारा १० मा उल्लेखित गरिएको छ । कि कुनै पनि नेपाली नागरिक नागरिकताको हकबाट वञ्चित हुने छैन र उपधारा (३) मा जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालीको रहेछ भने निज बालिक भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने छन् भनेर हामी संविधानमा व्यवस्था गरेका छौं अध्यक्ष महोदय । र यही संविधानबाट हामीले दुइटै हाम्रो सदनबाट प्रतिनिधि सभा र राष्ट्रिय सभाबाट पारित गरेर हामीले सम्माननीय राष्ट्रपतिज्यू कहाँ पठायौं । त्यति बेला हाम्रो सम्माननीय राष्ट्रपति विद्यादेवी भन्डारीज्यू हुनुहुन्थ्यो । तर वहाँले पास गर्नुभएन फिर्ता गर्नुभो' सदनमा फिर्ता गरेपछि पुनः हामीले दुवै सदनबाट हामीले पारित गरेर

पठायौं । तर फेरि वहाँले पास गर्नुभएन । टेबुलमा राख्नुभो' के संविधानले यो व्यवस्था गर्या छ टेबुलमा राख्न? हाम्रो संविधानमा छ व्यवस्था कि टेबुलमा राख्नुभयो तर टेबुलमा राख्दिनुभयो । हाम्रो भर्खर सम्माननीय हाम्रो रामचन्द्र पौडेलज्यू राष्ट्रपति हुनुभो' अनि वहाँले जब संविधानको भावनाअनुसार र नेपालका लाखौं युवाहरू नागरिकताबाट वञ्चित थिए । अहिलेसम्म ७ लाख युवाहरू वञ्चित छन् । त्यसकारण पटक पटक यो आवाज संसदमा उठ्दै थियो । कि नागरिकताबाट विहीन भएका नागरिकलाई नागरिकता प्रदान गरौं भनेर उठ्दाखेरि वहाँले नागरिकता विधेयक स्वीकृत गर्नुभो' तर हाम्रै विपक्षी दलका नेताहरू एमालेका साथीहरू प्रतिनिधि सभामा राष्ट्रिय सभामा नागरिकताको खुलेआम विरोध गर्यो । के नेपालमा मधेसीहरू, दलितहरू नेपाली होइन? के सधैं वहाँहरूले आफ्नो परिचय खुलाउनु पर्ने हो त? त्यसकारणले यो देशका मधेसी, दलित, जनजातिहरू सबै नेपाली हुन् र हामीले आत्मसाथ गर्नुपर्छ । वहाँहरूको विषयमा । एक जना हाम्रा रा स्व पाका नेता जुन रबि लामिछानेजी नि हुनुहुन्छ । वहाँ एक दिन अनागरिक बन्दाखेरि मिडियामा रोइरहेको थियो । कराइ रहेको थियो कि म अनागरिक भएँ भनेर र वहाँले एक दिनमा नागरिकता पाउनुभो' जुन कि वहाँसँग दुइटा नागरिकता थियो । हामीले आफ्ना छोराछोरीलाई विदेशमा पठाउछौं । अस्ट्रेलिया, अमेरिका, जर्मनी अनि हामीले सोच्छौं कि त्यहाँ नागरिकता पायो भने धेरै खुसी हुन्छौं । तर जुन यो देशमा बसोवास गरेका व्यक्तिहरू नागरिकता पायो भने हामी दुःख मनाउछौं । त्यसकारण हामीहरूले यो वैमनस्चताको हामी दिमागमा नपालौं । धेरै हामीले सुन्यौं । विभिन्न कोणहरूबाट युवाहरू विद्यार्थीहरू जुन प्रतिपक्षी दलका युवाहरू थियो । वहाँहरूले राष्ट्र प्रमुखलाई, सरकार प्रमुखलाई कस्तो अपशब्दहरू प्रयोग गर्‍यो । यो असहय हुन्न किन भने हामी सबैले सम्मान गर्न सिक्नुपर्छ ।

अध्यक्ष महोदय, हाम्रो सप्तरीका एक जना दलित युवा मनोज रामले जुन गैरदलित छोरीसँग विवाह गर्‍यो । अन्तरजातीय विवाह वहाँलाई कपिलवस्तुको जिल्ला अदालतले विवाह दर्ताको प्रमाणपत्र दियो । फेरि सप्तरी जिल्ला अदालतले वहाँलाई अपहरणको मुद्दा चलाइ जेल सजाय गर्नुभो' यो कतिसम्मको विडम्बना हो । एक जना न्यायाधीशले वहाँलाई अन्तरजातीय विवाहको प्रमाणपत्र प्रदान गर्नुहुन्छ । अर्को न्यायाधीशले जेल चलान गर्नुहुन्छ । यो संविधान संवत् होइन । संविधानको धारा १८ ले समानता हकको व्यवस्था गरिएको छ । सबै नागरिक हामी कानुनको दृष्टिमा समान छौं । राज्यले नागरिकको बिचमा उत्पत्ति धर्म, वर्ण, जातजाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्रको आधारले भेदभाव हुने छैन भनेर उल्लेख गरिएको छ । तर एकातिर हेर्दाखेरि विभेद गरिएको महसुस भएको छ । संविधानको धारा २४ ले छुवाछुत गर्न पाईँदैनन् । उल्लेखित छन् । पटक पटक संसदमा हामी बोल्छौं तर पनि पटक पटक

छुवाछुतहरूका घटनाहरू आउँछन् । हामीले मन्दिर प्रवेश गर्दाखेरि छुवाछुतको अवस्था आउँछन् । भगवानलाई पूजा गर्न दिइँदैनन् । जब कि मन्दिर बनाएको हाम्रै समुदायले हो । त्यहाँ हामीले पहिचान खुलाउनुपर्छ । र पहिचान खुलाउँदा हामीलाई पूजा गर्न दिँदैनन् । यस्ता संस्कारबाट हामी कहिलेसम्म उभो लाग्ने हो? हामी यही सदनमा सिराहा जिल्ला भगवानपुर गाउँपालिकाका अध्यक्षले जातीय विभेद गरे । ब्यानर टाँसेर जातीय विभेद गरे । तर हामीले यही सदनमा आवाज उठाउँदाखेरि मुद्दा दर्ता भयो । तर वहाँलाई कारबाहीसम्म भएन । कारबाही मात्र होइन यतिसम्म कि जो मुद्दामा तपाईँ गवाही थियो । गवाही बसेको थियो । वहाँलाई तपाईंको भर्खर अस्ति १० दिन भैरा' छ । निर्घात रूपमा विष्णुदेव पासवानलाई कुटपिट गरियो । वहाँ प्रशासनको पनि मान्छे हुनुहुन्छ । पूर्व रिटायर हुनुहुन्छ प्रहरी । तर वहाँमाथि सांधानिक हमला भो' अहिलेसम्म दोषीहरूलाई कारबाही गरिएको छैन । वहाँले मुद्दा दर्ता गर्नुभो' सिराहामा तर अहिलेसम्म मुद्दा दर्ता भा'को छैन ।

अध्यक्ष महोदय, म अध्यक्षज्यूमार्फत सरकारसँग र गृहमन्त्रीसँग आग्रह गर्न चाहन्छु । कि दोषीलाई अविलम्ब कारबाही गरियोस् र चाँडो यसलाई कारबाही गरियोस् भन्ने म आग्रह गर्न चाहन्छु । यस्तै बैतडीको उपमेयरले एउटा सामाजिक सञ्जालमा भन्नुभा'को थियो कि म ठकुरीको छोरी हौं । म दलितले छोएको खाँदैनँ र वहाँ अझै आरक्षण लिनुहुन्छ । सबै सांसदले एउटा हामीले सधैं बोल्दाखेरि बोल्नुपर्छ के दलितले मात्रै आरक्षण लिएको हो? महिलाको नाममा आरक्षण छैन? जनजातिको नाममा आरक्षण छैन? मधेसीको नाममा आरक्षण छैन? के दलितले मात्रै आरक्षण लिएका हो? अनि वहाँले यसरी भन्नुभ'को राज्यको एउटा गम्भीर अपराध गर्नुभएको हो । त्यसकारणले म अध्यक्षज्यूमार्फत आग्रह गर्न चाहन्छु कि उनीहरूलाई कारबाही गरोस् नत्र म सदनमा आगामी दिनमा म अनसन बस्छु र आगामी दिनमा आन्दोलन गर्छु भन्ने म आग्रह गर्दै बिदा माग्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय दिल कुमारी रावल थापा "पार्वती" । समय ९ मिनेट । त्यसपछि माननीय नारायण दत्त मिश्र ।

**(१३:५० बजे) <u>माननीय श्री दिल कुमारी रावल थापा "पार्वती" (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम म मनसुनको सुरुआतसँगै कोशी प्रदेशका विभिन्न पहाडी जिल्लामा आएको बाढीपहिरोमा परी जीवन गुमाउनुहुने ती नागरिकप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । घाइते नागरिकको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । वेपत्ता

नागरिकको खोजिमा तीव्रता दिन सरकारसँग माग गर्दछु । प्राकृतिक प्रकोपको पूर्व तयारीमा विशेष ध्यान दिन, प्रकोपपछिका घटना राहत, उदार र पुनर्स्थापनामा समन्वयात्मक भूमिकासहित विशेष तदारुकतासाथ अगाडि बढाउन म सरकारसँग माग गर्दछु ।

सम्माननीय अध्यक्ष महोदय, नेपालको स्वतन्त्रता, सार्वभौमता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधिनता, स्वाभिमानलाई अक्षुण राखी जनताको सार्वभौम अधिकार स्वयत्तता, सुशासनको अधिकारलाई आत्मसाथ गर्दै राष्ट्र हित लोकतन्त्र, अग्रगामी परिवर्तनका लागि नेपाली जनताले गरेको सङ्घर्ष त्याग बलिदान स्वरूप सामन्ती निरङ्कुश एकीकृत केन्द्रीकृत एकात्मक राज्य व्यवस्थाले सिर्जना गरेका सबै प्रकारका विभेद र उत्पीडन अन्त्य गर्दै सबै नागरिकलाई सबै प्रकारका जातीय विभेद अन्त्य गरी आर्थिक समानता, समृद्धि, सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी सहभागितामूलक सिद्धान्तमा आधारित समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प बोकेको हाम्रो संविधान लोकतान्त्रिक मूल्य मान्यतामा आधारित समाजवादीप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्रि निर्माण गर्ने अठोट बोकेको हाम्रो संविधानले दिगो, शान्ति सुशासन विकास र समृद्धिको आकाङ्क्षा लिएको यो संविधानको साँच्चै मर्म र भावना व्यवस्थाअनुसार आज सरकार चलेको छ? सरकारका अङ्गहरू चलेका छन्? म प्रश्न गर्न चाहन्छु । के कानुनी शासनको अनुभूति आम नागरिकले गर्न पाएका छन्? आज सार्वजनिक सेवा सुविधामा नागरिकको सहज पहुँच छ कि छैन? कि आज भनसुन र पैसाको आधारमा जनताले काम लिनुपरिरहेको परिवेश छ कि छैन? विधिको शासन छ कि भनसुनको शासन छ? जनता यो प्रश्नका उत्तर खोजिरहेका छन् । विधि र व्यवहारमा आज किन सङ्गति मेल खाइरहेको छैन । नियम कानुन सबैका लागि समान छन् कि छैनन्? कि फरक भैरहेका छन्? जनताले प्रश्न गरिरहेका छन् । ठुलालाई चैन र सानालाई ऐन भैरहेको छ । यो व्यवस्था कहिलेसम्म? विकास आवश्यकतामा आधारित किन बन्न सकिरहेको छैन? आज पनि विकास प्रभाव र पहुँचमा छ । प्रस्तुत बजेट वक्तव्यबाट पनि हामीले देखिसकेका छौं । फेरि पनि हाम्रा लोकतान्त्रिक मूल्य, मान्यताअनुरूप हाम्रा व्यवहारहरू अगाडि आउन सकिरहेका छैनन् । यो हाम्रो संस्कार संस्कृति आज किन यति भड्किलो र खर्चिलो भैरहेको छ? यसतर्फ हाम्रो बहस पनि केन्द्रित छैन । यी तमाम विषयमा छलफल र बहस केन्द्रित हुनुपर्ने हो कि होइन? हाम्रो व्यवस्था हाम्रो प्रणालीअनुसार हाम्रा व्यवहारहरू हामीले परिवर्तन गर्न सकेनौं भने व्यवस्थामाथि आम जनताले प्रश्न उठाउँछन् कि उठाउँदैनन्? आज सबै गम्भीर हुनुपर्ने परिस्थिति खडा भएको छ । मैले त्यो महसुस गरिरहेको छु ।

आज हाम्रो राष्ट्रिय सुरक्षाजस्तो संवेदनशील विषयमा किन राष्ट्रिय सहमति बन्न सक्दैन? परराष्ट्र नीतिजस्तो विषयमा किन राजनीति दलहरूको साझा धारणा आउन सक्दैन? आज हरेक

सरकारका विदेश भ्रमणहरू किन विवादित बन्दै गैरहेको छ । आज देशभित्र रहेका सबै राजनीतिक दलहरूको बिचमा परराष्ट्र नीतिजस्तो संवेदनशील विषयमा एकताबद्ध हुन नसक्दा राष्ट्रिय सुरक्षा नीतिमा एक मत हुन नसक्दा फेरि पनि हाम्रा वैदेशिक भ्रमणहरू विवादास्पद बन्दै गैरहेका छन् । हाम्रो देशलाई छिमेकी राष्ट्रहरूले माथि अनेकौं नाममा अनेकौं व्यवहारहरू हामीले देखिरहेका छौं । यो विषयमा म सरकार र राजनीतिक दलहरूलाई गम्भीर बन्नको लागि पनि अनुरोध गर्न चाहन्छु । यी यस्ता विषय चाहे राष्ट्रिय सुरक्षाका विषय हो । चाहे परराष्ट्रका विषय हुन् । चाहे हाम्रा सम्पदा, संस्कार, संस्कृतिका विषय हुन् । यस्ता विषयमा जनताको प्रतिनिधिमूलक संस्था संसदमा बहस हुन जरुरत छ । छलफल हुन जरुरत छ । हामीले संसदबाट निकालेका निष्कर्षहरूलाई हामीले व्यवहारमा लागु गर्न सक्यौं भने मात्रै हामीले त्याग, समर्पण, निष्ठाका साथ प्राप्त गरेको संविधान कार्यान्वयनमा सहजता आउन सक्छ र यो हामीले प्राप्त गरेको लोकतान्त्रिक व्यवस्थालाई अझ सुदृढ बनाउन सक्छौं । त्यसैले म यतातर्फ ध्यान दिनको लागि पनि अनुरोध गर्न चाहन्छु ।

हाम्रो कृषि निति हाम्रो शिक्षा नीति र हाम्रो विकास नीति आदि बारेमा पनि हामीले छलफल गर्न सकिरहेका छैनौं । यो छलफल हुन जरुरी छ । अब पनि हामी उही पुरानै रीतिमा त्यही पुरानै तौर तरिकामा अगाडि बढ्न सक्ने अवस्था छैन । योबारेमा गम्भीर हुन जरुरी छ भन्ने कुरा म राख्न चाहन्छु । विशेषतः सम्माननीय अध्यक्षज्यू, आज म विकासका सन्दर्भमा केही आफ्ना कुराहरू राख्न चाहन्छु । विकास जनताको आवश्यकता र जनताको चाहाना र मुलुकको आवश्यकतासँग मेल खानुपर्छ भन्ने मलाई लाग्छ । विकास आवश्यकता र औचित्यको आधारमा हुनुपर्छ भन्ने पनि लाग्छ । विकास समन्यायिक हुनुपर्छ पनि लाग्छ तर आज विकास समन्यायिक हुन सकिरहेको छैन । राष्ट्रिय गौरवकै आयोजनाको सन्दर्भमा कुरा गर्दा राष्ट्रिय गौरवका आयोजना किन सञ्चालन भयो? मलाई लाग्छ यसको धेरै ठुलो महत्त्व र उद्देश्य छ । सडक रेलजस्ता वृहत् पूर्वाधारको विकास गरी राष्ट्रिय रणनीतिक आधार राजनीतिक यातायात सञ्जालमार्फत देशको विभिन्न भौगोलिक तथा आर्थिक क्षेत्र एक अर्कासँग आबद्ध गरी राष्ट्रिय एकीकरण, आर्थिक, सामाजिक, विकास गरी गरिबी निवारण दिगो शान्तिका लागि पूर्वाधार विकास गर्ने उपलब्ध जलस्रोत र बहुआयामिक तथा बहुउद्देश्य आयोजनाको रूपमा विकास गर्दै समन्यायिक र दिगो विकास गर्ने ऐतिहासिक पूरातात्त्विक, धार्मिक, सांस्कृतिक सम्पदाहरूको संरक्षण संवर्द्धन तथा पर्यटकीय गन्तव्यहरूको रूपमा विकास गर्ने समृद्ध नेपालको आधारशीला निर्माण गर्ने उद्देश्यले राष्ट्रिय गौरवको आयोजनाहरू अगाडि बढाएको हुन् । राष्ट्रिय गौरवको आयोजना २०६८/०६९ सालबाट सुरुआत भएको थियो । यो सुरुको वर्ष ०६८/०७९ मा

१७ ओटा राष्ट्रिय गौरवका आयोजनालाई घोषणा गरी कार्यान्वयन ल्याएको थियो भने । दोस्रोपटक २०७०/०७१ मा ४ ओटा राष्ट्रिय गौरवका आयोजनाहरू थप भयो भने ०७५/०७६ मा आएर एउटा त्यस्तै गरी ०७६/०७७ मा आएर थप एक गरी ०७७/०७८ मा बजेट वक्तव्यमार्फत महाकाली सिँचाइ आयोजनालाई गौरवको आयोजना समावेश गरी हाल २४ ओटा राष्ट्रिय गौरवको आयोजनाहरू छन् । २४ ओटा राष्ट्रिय गौरवको आयोजनालाई हेर्दा ७ ओटा राष्ट्रिय गौरवको आयोजना सडक, रेलसम्बन्धी राष्ट्रिय गौरवको आयोजना यो भौतिक पूर्वाधार मन्त्रालयसँग जोडिएको छ । त्यस्तै गरेर सिँचाइसम्बन्धी राष्ट्रिय गौरवका आयोजना ६ ओटा छन् । त्यस्तै गरेर जलविद्युत्सम्बन्धी राष्ट्रिय आयोजनाहरू ४ ओटा छन् भने विमानस्थलसँग जोडिएका ३ ओटा राष्ट्रिय गौरवका आयोजना छन् । हाम्रा धार्मिक, सांस्कृतिक पर्यटनसँग जोडिएका दुइटा आयोजना र खानेपानीसँग जोडिएको एउटा । त्यस्तै गरेर राष्ट्रपति चुरेसँग जोडिएको एउटा गरेर २४ ओटा राष्ट्रिय गौरवका आयोजनाहरू चालु अवस्थामा छन् ।

अहिले हामीले सरसर्ती हेर्दा पोखरा क्षेत्रीय विमानस्थल, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सम्पन्न भैसकेको छ भने यसको उद्‌घाटन भैसकेको छ । यसलाई पूर्ण रूपमा सञ्चालनमा अझै आउन सकेको छैन । जुन रूपमा हामीले जुन लगानी गरेर जुन प्रतिफलको अपेक्षा गरेका छौँ । यसलाई फुल फेजमा सञ्चालन गर्नका लागि अझै सरकारले यसलाई ध्यान दिनुपर्ने छ । केही नीतिगत निर्णय गर्नुपर्ने छ र सम्पन्न भएका राष्ट्रिय गौरवको आयोजनालाई फुल फेजमा सञ्चालन गर्नका लागि पनि म सरकारको ध्यानाकर्षण गर्न चाहन्छु । त्यस्तै गरेर अरू थुप्रै हामीले समितिको तर्फबाट अस्ति भर्खरै सुनकोशी मरिन डाइभर्सन आयोजना हेरेका थियौँ । यो ज्यादै महत्त्वपूर्ण आयोजना छ । हाम्रा राष्ट्रिय गौरवका सबै महत्त्वपूर्ण आयोजना छ । यो पनि एउटा जनताको प्रत्यक्ष रोजगारीसँग र मधेस प्रदेशको उत्पादनसँग जोडेको यो आयोजना छ । १ लाख २२ हजार हेक्टर जमिन सिँचाइ हुने र ३१ पोइन्ट ७ मेघावाट विद्युत् उत्पादन हुने यो आयोजना एकदमै सफलताका साथ अगाडि बढिसकेको छ । यसलाई बजेट कम नगर्नका लागि बजेट सुनिश्चितता गर्नका लागि पनि म सरकारसँग माग गर्न चाहन्छु ।

त्यस्तै राष्ट्रिय गौरवका आयोजनामा थुप्रै खाल समस्याहरू छन् । म सरकारलाई के भन्न चाहन्छु भने राष्ट्रिय गौरवका आयोजनाहरूलाई बजेट अभाव हुन नदिने भनेर सरकारले प्रतिबद्धता जाहेर गरे तापनि व्यवहारमा त्यस्तो भएको छैन । बजेट अभाव भएका कुराहरू हामीले स्थलगत अध्ययन गर्न पाएका छौँ । यो बजेटको सुनिश्चितता गर्न म माग गर्न चाहन्छु । राष्ट्रिय गौरवको आयोजना छुट्टै कानुनी व्यवस्था हुनुपर्छ भनेर माग गर्न चाहन्छु । तत्कालीन केपी ओली सरकारको पालामा आएको राष्ट्रिय प्राथमिकता आयोजनासम्बन्धी विधेयक प्रतिनिधि सभामा

त्यो त्यतिकै थाती रहेर त्यो शून्यतामा गयो यो विधेयक तत्काल ल्याएर राष्ट्रिय गौरवको आयोजनालाई सुचारु गर्नको लागि यो विधेयक संसदमा ल्याउनको लागि माग गर्न चाहन्छु । राष्ट्रिय गौरवको आयोजनालाई अनुगमनलाई प्रभावकारी बनाउनका लागि प्रविधिबाट पनि अनुगमन गर्नको लागि हिजो पहिलाको सरकारले जुन चाहिँ एक्सन रुम बाह्र नम्बर सिंहदरबारमा बसेर अनुगमन गर्ने व्यवस्था थियो । यसलाई कार्यान्वयनमा ल्याउनको लागि पनि म अनुरोध गर्न चाहन्छु । पर्याप्त पूर्वाधारविना राष्ट्रिय गौरवको आयोजना घोषणा गर्ने त्यो प्रणालीलाई अन्त्य गरेर धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय नारायण दत्त मिश्र । समय ८ मिनेट । त्यसपछि माननीय सुमित्रा वि.सी ।

(१४:०१ बजे) **माननीय श्री नारायण दत्त मिश्र (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, धान खेती सुरु भएको छ । मलको अभाव छ । सुदूरपश्चिममा ९८ हजार टन करिब एक लाख टन मलको रासायनिक मलको आवश्यकता पर्छ । अहिलेसम्म त्यहाँ मुस्किलले २५ हजार टन पनि मल पुगकेको छैन । एकातिर मलको अभाव यसरी छ भने अर्कोतिर किसानहरूले एक बोरा, दुई बोरा गरीकन इन्डियाबाट लुकिछीपी ल्याएको मललाई ए कुन बाटोबाट ल्याउँदैछन् भनिकन पुलिसहरूले त्यो मल सब बरामत गर्ने गरेका छन् । सरकारले आफुले पनि दिन नसक्ने अरू बाटोबाट किसानले आफ्नो पूर्ति गर्न खोजेको काममा पनि हस्तक्षेप गर्ने कामलाई रोक्न म अध्यक्ष महोदयमार्फत सरकारलाई अनुरोध गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, संविधानको प्रस्तावनामा समाजवादप्रति प्रतिवद्ध रहि समृद्ध राष्ट्र निर्माण गर्ने कुरा छ । हो हामी समाजवादका कुरालाई अगाडि बढाइरहेका छौं । तर हाम्रो समाजवादमा जुन मानिस बैङ्कका मालिक छन् । उनीहरू नै व्यापार पनि गर्छन् । उनीहरू नै इन्सुरेन्स कम्पनीका पनि मालिक छन् । र विद्युत् क्षेत्रमा पनि उसैको लगानी छ । त्यति मात्र होइन एउटै व्यक्ति र समूहको जिम्ममा प्रभुत्तो दिएर उसैको कर छुट कसरी हुन्छ भनेर उसैसँग सल्लाह गरिरहेका त कहीं हामी छैनौं? त्यतातिर पट्टि पनि म ध्यान आकर्षण गराउन चाहन्छु । हामी भित्र अहिले हामी भित्रैबाट समाजवादी मोर्चा गठन भएको छ । स्वागतको कुरा छ । समाजवादी मोर्चालाई । कहीं वरिपरि झोपडीहरू बनाएर बिचमा ठुलो राम्रो महल खडा गरीकन त्यो त्यही वरिपरि बस्ने मानिसहरू हामी यिनका सर्वहाराका प्रतिनिधि हौं भनीकन आफ्नै महल बनाउने तिर कही पुगिँदैन? त्यसकारणले ख्याल गरौं । ति झुपडीवालाहरूको

कसरी उद्धार हुन्छ यो समाजवादमा? समाजवादको कुरा गर्दा विशेश्वर प्रसाद कोइरालाले समाजवादको सम्बन्धमा एउटा दुधको उदाहारण पेस गर्नुभा'थ्यो । दुध आफुसँग भएको दुध एक एक चम्चा प्रत्येक व्यक्तिलाई बाडेर हुँदैन दुधको उत्पादन बढाएर सबैलाई दुधको आपुर्ति सबैलाई गर्न सक्नुपर्छ । त्यो नै समाजवाद हो भनीकन उहाँले समाजवादको व्याख्या यसरी गर्नुभा'थ्यो ।

म हामी कहाँ बाटाघाटा बनेका छन् । ठाउँ ठाउँ बाटाघाटा पुगेका, ठाउँ ठाउँ पुगेका छन् । अझ पुऱ्याउँदै छौं । गाउँ, गाउँमा गाउँपालिकाका सदरमुकामसम्ममा पनि बाटाघाटाहरू सब ठाउँ पुग्दैछन् । बाटाघाटा त सबै ठाउँ पुगे तर बाटाघाटासँगै सबभन्दा निम्न आय भएको गरिबको रोगजारी खोसिएको छ । ..... गरिबको । हिजो डोको बोकिकन अरूको सामन बोकेर आफ्नो गुजारा गर्नेहरू, बिरामीहरू अस्पताल बोकेर गुजारा गर्नेहरू, बुढापाका मानिसहरूलाई बोकेर आफ्नो गुजारा गर्नेहरूको उनीहरूको रोजिरोटी खोसिएको छ । त्यो खोसिएको रोजिरोटीलाई गाउँ, गाउँमा बाटो पुग्दा त्यही बाटो खनेर, त्यही बाटोमा काम गरेर हामीले आफ्नो रोजिरोटी बनाउला भनेर आशामा बसेकाहरूलाई डोजर आतङ्कले निमिट्यान्न पारेको छ । त्यसकारणले ठाउँ ठाउँमा भएको डोजर आतङ्क डोजरले बाटा बनाउने कुराहरूले पर्यावरणको रक्षा गर्न सकेको छैन । बाढी, पहिरो दिनहु बाढी, पहिरोलाई बढाउँदै गएको छ । तसर्थ सम्माननीय अध्यक्ष महोदय, सरकारले मन्त्रीज्यूसमेत सरकारले छिटोभन्दा छिटो क्याविनेट निर्णय गरेर पहाडी बाटाहरू कुनै पनि डोजरबाट निर्माण हुने कामहरू तत्काल भोलिदेखि पर्सीदिखिनै रोकियोस् । त्यसले गर्दाखेरि तिनै डोकोको आफ्नो भारी खोसिएकाहरूले त्यहाँ काम गरेर पनि गुजारा गर्न सक्ने छन् ।

र म अध्यक्ष महोदय, हामी कहाँ परिवर्तन भयो । परिवर्तन भो' परिवर्तन मलाई लाग्दछ । २००७ सालको क्रान्तिले परिवर्तन ल्याएको हो । त्यो परिवर्तनले त्यतिखेरका ऐन, नियम, कानुनहरूलाई बदलेको थियो । जुवाको पनि ऐन थियो । जातियतासम्बन्धी विभिन्न किसिमका ऐनहरू थिए । देख्ने गरिको ऐन थियो । किपट, ..... आदि यी सबै ऐनहरू थिए । ती ऐनहरू त्यतिखेर, त्यतिखेर ऐनहरू खारेज भए तर हामीले २०४६ सालमा बहुदल ल्यायौं । बहुदलमा पनि हिजो पञ्चायतमा भएका ऐन, नियमहरू जस्ताको त्यस्तै राखेरअगाडि बढेका छौं । त्यसै गरीकन गणतन्त्र आयो । गणतन्त्रमा पनि बहुदलिय व्यवस्थामा भएका ऐन नियमहरूलाई हामीले बदलेनौं । व्यवस्था बदलिएको छ । लोकतन्त्र आएको छ । तर प्रशासनतन्त्रमा, ऐन, नियममा परिवर्तन हुन नसकेको कारणले देशको विकासमा गतिरोध उत्पन्न भएको छ भन्ने मलाई लागिराखेको छ ।

र एउटा यो आफु सत्तामा बस्दा सधै पृथ्वी गोलो देखे, सुर्य रातो देखे तर सत्ताबाट प्रतिपक्षमा गएको बेला सुर्य निलो देखे अनि पृथ्वी चेप्टो देखे र त्यसरी नै त्यस्तै ती उदाहरणहरू नै अगाडि बढाउने तसर्थ कमसेकम हामीले आफुले सत्तामा बस्दाखेरि जे कुरा बोलेका छौं प्रतिपक्षमा बस्दाखेरि पनि हाम्रा कुराहरू नै नकाटिउन् । ती कुराहरू हामीले प्रतिपक्षमा बस्दाखेरि पनि ती कुरारहरूलाई नै अगाडि बढाउन सक्नुपर्छ ।

र सभामुख महोदय, मलाई एउटा कुरा बडा खड्किएको छ । त्यो उद्घाटनको कुरा मलाई खड्किएको छ । उद्घाटनको कुरा मलाई खड्किएको छ । धरहराको उद्घाटन भयो उद्घाटन भएपछि पनि दुई वर्षपछि पनि अझै धरहरा बनेको छैन । म धरहराको मात्रै कुरा गर्न चाहँदैन । म स्वास्थ्य चौकीहरूको पनि कुरा गर्दिन । त्यसको शिलान्यासहरू तर बजेटको व्यवस्थाहरू भएन । ती कुराहरूभन्दा पनि अब देखि एउटा कुरा गरियोस् । (म सक्छु, एकदम सक्न आँटे अध्यक्ष महोदय) जुन मानिसले शिलान्यास गर्छ त्यसैलाई नै उद्घाटनको जिम्मेवारी दिइनेछ भनेर पहिला नै निर्णय गरियो भने अनि उसले उद्घाटन गर्न पनि हतार गर्दैन, मान्छे नामको लागि पनि बिचलित हुँदैन, दामको लागि पनि बिलचित हुँदैन, कामको लागि पनि बचलित हुँदैन । यदी त्यस्तो सकिँदैन भने राष्ट्रिय, राष्ट्रिय महत्त्वका आयोजनाहरू, राष्ट्रिय गौरवका आयोजनाहरू जो छन् । तिनै आयोजनाहरूको उद्घाटनमा जति पूर्वप्रधानमन्त्रीहरू छन् । तिनीहरू सबैलाई गर्न दियो भने कमसेकम नाम लेखाउने हतार हुने थिएन भनेर भन्दै आफ्नो भनाइ म यहीं टुङ्ग्याउँछु । हवस्, त धन्यवाद । जय नेपाल ।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सुमित्रा वि.सी । समय ५ मिनेट । त्यसपछि माननीय माया प्रसाद शर्मा ।

**(१४:१० बजे)** <u>**माननीय श्री सुमित्रा वि.सी (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**</u>:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले म आज विशेष समयमा समसामायिक कुराहरू बोल्न गइरा'छु । सर्वप्रथम देशका विभिन्न भागमा बाढी, पहिरो, सडक दुर्घटना र खोलामा डुबेर मृत्युवरण गर्नेहरूप्रति म भावपूर्ण श्रद्धाञ्ली व्यक्त गर्न चाहन्छु । र शोकसन्तप्त परिवारप्रति हार्दिक समबेदना भन्न चाहन्छु र घाइतेहरूलाई शीघ्र स्वास्थ्य लाभको कामना भन्न चाहन्छु ।

अध्यक्ष महोदय, आज मलाई भविष्यका कर्णधार बालबालिकाहरूको बारेमा अलिकति केही भन्न मन लाग्यो । भविष्यका कर्णाधार, बालबालिकाहरू आज देशका विभिन्न क्षेत्रमा, विभिन्न भेगमा, विभिन्न दुर्गम कर्णाली जस्ता ठाउँहरूका बालबालिकालाई सम्झेर जो खान

लगाउन पनि शिक्षादिक्षा त के खान लाउन पनि नपाउने र विभिन्न जोखिममा परेका बालबालिकाहरूलाई विभिन्न ठाउँका जोखिममा परेका बालबालिकाहरूको संरक्षण गर्ने एउटा राष्ट्रिय बाल अधिकार परिषद् भन्ने जुन त्यो परिषद्लाई यो ०८०/८१ को बजेटमा बजेट शून्य भएको भेटियो । र ०७८ को २०७८ को जनगणनाअनुसार ३३ पोइन्ट समथिङ्ग बच्चाहरू वेवारिसे भइराखेको तथ्याङ्कहरू हामी भेटाउँछौं । र यही बालबालिकाहरूलाई काम गर्ने जुन संस्था छ । त्यो संस्थालाई पनि नदेखे । त्यो संस्थामार्फत जुन बालबालिकाहरूले केही राहतहरू पाएका थिए त्यो पनि नहुने भएपछि यो सरकारले बालबालिकाको क्षेत्रमा बजेट छुट्याउन अथवा त्यतातिर ध्यान म आकर्षण गर्न चाहन्छु ।

र जुन योभन्दा अगाडि पनि मैले भनिसकेको थिएँ । ५ बर्ष मुनिका बच्चाहरूलाई पोषण भत्ता बनेर २५ ओटा जिल्लाहरूमा लागू गरिएको थियो । जुन रकम ५३२ रुपैयाँ दिने गरिन्थ्यो त्यसलाई यथावतै राखियो । त्यसलाई जिल्ला पनि बढाउन र रकम पनि बढाउनका निम्ति माग गरिएको थियो । आज त्यो पनि बढेको देखिँदैन र यथावतै भएको देखिन्छ । त्यसकारणले यो भविष्यका कर्णधार भनेका बालबालिका प्रति यस्तो खालको सोंच नराखियोस् र यसलाई सच्याइयोस् र त्यो क्षेत्रमा काम गर्ने संस्थालाई रकम छुट्याइयोस् भन्ने म माग गर्न चाहन्छु ।

र यहाँ हुन त यो आज विषय खासै त्यस्तो थिएन । यो नागरिकताको कुरा जुन उठ्यो । यहाँहरूलाई प्रष्ट (अध्यक्ष महोदय मलाई अलिकति टाइम मैले महसुस गऱ्या छु । टाइम थपिदिन अनुरोध गर्छु ।) यो नागरिकताको सवालमा मलाई अलिकति भन्न मन लाग्यो । यहाँहरू सबैले भ्रम नफैलाउनुभए हुन्छ । नेकपा एमाले के भन्दै आएको छ भने नागरिकता पाउनुपर्ने नेपालीहरूले नागरिकता पाउने कुरोलाई हामी समर्थन गर्छौं । र जुन अङ्गीकृत नागरिकताका बारेमा नेकपा एमाले आज पनि स्पष्ट छ । र हामी यो आवाज उठाउँदै आएका छौं । जसरी हाम्रा चेलीबेटीहरू अरू देशसँग देशका नागरिकसँग विवाहवारी गर्दाखेरि जुन प्रावधानहरू राखिएको छ । यहीं नजिकै भारतलाई हेऱ्यौं भने हिजोका दिनहरूमा सात वर्ष थियो भने आज बाह्र वर्ष पुऱ्याइएको छ । हाम्रो देशमा अरू देशका चेलीहरू बुहारी भएर आउँदाखेरि आज आउने भोली नागरिकता पाउन कुरो हुन सक्दैन । यो कुनै व्यक्तिको आग्रह पूर्वाग्रह र विरोध गरेको होइन । यो राष्ट्रियताको सवाल हो । यहाँ माननीयज्यूहरूले प्रश्न गर्नुभएको छ हामी कता जान खोजेको हो? म पनि यहाँहरूलाई यही प्रश्न गर्न चाहन्छु हाम्रो राष्ट्रियतालाई कता लान खोजेको हो? र हाम्रो राष्ट्रियता खतरामा छ कि छैन यसो गर्दा । धन्यवाद । ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय माया प्रसाद शर्मा । समय ८ मिनेट ।

(१४:१६ बजे) **माननीय श्री माया प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम जाजरकोटको छेडागाडमा दिवङ्गत हुनुहुनेप्रति र सुदूरपश्चिम प्रदेश सरकारका मन्त्रीज्यूलगायत वहाँको परिवार बाढीपहिरोमा दिवङ्गत हुने सबै सबैप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । घाइतेहरूप्रति स्वास्थ्य लाभको कामना गर्न चाहन्छु ।

अध्यक्ष महोदय, हामी सदनमा बोल्छौं । छलफल गर्छौं । हामीहरूभन्दा भिन्न परिवेश र भिन्न पृष्ठभूमि स्वाभाविक ढङ्गले हुन्छ । कहिलेकहीं संसदीय मर्यादासँग तलमाथि पर्छ कि भन्ने लाग्छ । सचेतापूर्वक हामी बोल्छौं तर लामो समयसम्म संसदमा अभ्यास गर्नुभएका बोलिराखुभएका पटक पटक राज्य सञ्चालन गर्नुभएका अनुभवी माननीयज्यूहरू आज मेरो शैक्षिक ढङ्गले हेर्दा मेरो गुरु पनि हुनुहुन्छ । वहाँले आफ्नै देशका सम्माननीय प्रधानमन्त्रीज्यूलाई भारतको प्रधानमन्त्री भनेर व्यक्त गर्नेजस्ता ।

(१४:१७ बजे) **पुनः पीठासीन**:- सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिना ।

**माननीय श्री माया प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- अमर्यादित, अप्रासाङ्गिक र आफ्नै राष्ट्र प्रमुखप्रति गरिएका यस्ता गलत नजिर बस्न जाने प्रकृतिका वक्तव्यहरू भनाइहरू बुझाइहरू रेकर्डमा नरहनु नै उपयुक्त हुन्छ मलाई लागेको विषय ।

अर्कोतिर हामी शिक्षा सिकाउँदा आफूले पनि सिक्ने हो जस्तो लाग्छ । हामी सबैले मर्यादा कायम गर्यौं र मर्यादा कायम रहन्छ । कहिलेकहीं पल्ला घरको ओल्ला घर सर्छ । सायद त्यसैको अभिव्यक्ति पनि होला । यहाँ त्यति हुने गरेको देख्दिनँ म । म एउटा कुरा उठाउन चाहन्छु । कि लामो समयसम्मको करिब १० वर्षभन्दा बढी भैसक्यो । मध्यराजमार्ग पुष्पलाल लोकमार्ग भनेर हामीले नामाकरण गरेका छौं । त्यसको पूर्व- पश्चिम खण्डको जाजरकोट रुकुम खण्ड जोड्नका निमित्त पुल बनाउने धेरै वर्षको ठेक्का उथलपुथल भयो ३/४ पटक भैसक्यो । अहिले पनि त्यो ठेक्काको बारेमा कतै पनि अगाडि बढ्ने एउटा छैन र पूर्व- पश्चिम अरू ठाउँमा जोडिराखेको स्थितिमा त्यहाँ र एउटा छेडागाडको ममताभिर त्यो खुलेको छैन । आज त्यो खुलिसक्यो भनेर पैसा झारेर खाने पनि काम भएछ । यस्तो स्थितिमा सरकारले त्यसमा अवश्य पनि ध्यान दिने छ ।

र अर्को जाजरकोटलगायतका वरपरका केही ठाउँहरूमा एउटा विनासकारी चौपायामा लाग्ने रोग लागेको छ । त्यहाँ धेरै ४ सयभन्दा बढी चौपायाहरू मरेको आज त्यहाँ गोरु मरेको भन्ने छ । अहिले खेती किसानको बेला आएको छ । गोरु नपाएर मान्छेहरू, किसानहरू हैरान परेका छन् । यसको क्षतिपूर्तिको बारेमा राहतको बारेमा सरकारले ध्यान दिने छ, जोड गर्ने छ भन्ने कुरा म राख्न चाहन्छु ।

शिक्षक कर्मचारीहरू निम्नस्तरका शिक्षक कर्मचारीहरू विशेष गरेर त्यहाँ लेखामा काम गर्ने, बालशिक्षामा काम गर्ने र सहयोगीमा काम गर्ने विद्यालयका कर्मचारीहरू आज तलब नपाएर हैरानको स्थितिमा छ । पालिकाले दिने भनेको पनि कतै दिएको कतै नदिएको स्थिति छ । सरकारले त्यसको घटाइदिएको छ । तिनीहरू अनसनमा तिनीहरू आन्दोलनमा छन् । अनसन बस्ने तयारीमा छन् । यसमा ती निम्नस्तरको कर्मचारीहरूको बारेमा विशेष ध्यान दिनुपर्छ । जोड गर्नुपर्छ भन्ने मलाई लागेको छ ।

सम्माननीय अध्यक्ष महोदय, हाम्रा कामहरूका हिसाबले कामका क्षेत्रका हिसाबले सांसदहरुले ऐन, कानुन बनाउने विधेयक पेस गर्ने ऐन, कानुनमा रूपान्तरण गर्ने सरकारले त्यो कार्यान्वयन गर्ने लागु गर्ने । संविधान, ऐन, कानुन कस्तो छ । त्यसको व्याख्या न्यायालयले गर्ने । यिनै हामी शक्ति पृथकीकरणका सिद्धान्तका रूपमा हामीले ग्रहण गरेका छौँ । र हामीले त्यसलाई समयअनुकूल परिवर्तन अनुकूल बनाउन हामी सबैको कर्तव्य हुन्छ । तर अहिले हेर्‍यौँ भने त्यस्तो देखिँदैन । हामीले हाम्रो समितिमा प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति छ । नामै गर्नुपर्ने लामो पनि छ । कामको हिसाबले पनि अथाह छ । त्यहाँ भित्र पस्न एकदम गाह्रो छ । गाह्रो रहेछ । हामी पृष्ठभूमिका हिसाबले हामी भिन्न पृष्ठभूमिको त्यसको नेतृत्व गर्ने पनि झन् आज कम यसमा जानकार रहने मान्छे भा'को कारणले त्यसलाई पहिले धौ नै थियो । विस्तारै त्यहाँ भित्र पस्दै जाँदै गर्दा हामीले हाम्रा सांसदहरू ठुलो परिवर्तनका बिचबाट यहाँ उपस्थित छौँ । पञ्चायत काल फेरियो । संवैधानिक राजतन्त्रात्मक संसदीय व्यवस्था थियो । त्यो पनि फेरियो । संघीय गणतन्त्रमा हामी उपस्थित छौँ । तर हामीले कानुन कार्यान्वयन गर्ने कुरामा कानुन लागु गर्ने कुरामा हामी ०१३ सालमा साउन ४ गते घोषणा गरेको विकाससम्बन्धी ऐनमा टेकेरै आदेश गठन आदेशबाट हाम्रो राज्य चलिराखेको स्थिति छ । समय फरक छ । त्यति बेला पञ्चायती व्यवस्था थियो सदन पनि बनेको थिएन । चुनावको ठेगाना थिएन । विकास निर्माण गर्नुपर्थ्यो । अप्ठ्यारो थियो । त्यो बेला विकास निर्माणलाई अगाडि बढाउनका निमित्त त्यति बेलाको सरकारले एउटा ऐन बनायो । जसलाई विकास निर्माणसम्बन्धीको ऐन । त्यो ऐनबाट आज हामी तीनओटा व्यवस्था परिवर्तन भैसके ।

पञ्चायती व्यवस्था पनि हामीले खारेज गऱ्यौं । संवैधानिक राजतन्त्रात्मक व्यवस्था पनि हामीले विस्थापित गऱ्यौं र हामी अहिले संघीय गणतन्त्रमा छौं । संघीय गणतन्त्रको पनि हाम्रा तीन तह कानुन बनाउने तह छन् । सङ्घ, प्रदेश र स्थानीय तह हामी त्यही गठन आदेशको आधारमा हामी अहिले पनि चलाइराखेको स्थिति छ । त्यहाँ कतिपय हामीले अध्ययन गर्दै जाँदा त्यहाँ त धेरै छ । १८० भन्दा बढी हामी तिनैमध्येका तीनैपटक भएका तिनै गठन आदेशहरूलाई अध्ययन गर्दा अहिलेको सन्दर्भसँग कतै कहीँ पनि मेल खाँदैन । सरकारले विधेयक ल्याउनुपर्ने । सरकार विधेयक ल्याउनतिर अग्रसर देखिँदैन । अब हामी को सरकार भनेर हामी अहिले कतै तर्सिने कति पहिलेको स्वाद मान्ने हो हामी त्यहाँबाट यहाँसम्म ठुल्ठुला परिवर्तन गरेर यहाँ आयौं । जो सरकार भए पनि कानुनले राज्य स्थापना गर्नका निमित्त कानुन निर्माण गर्नुपर्छ । कानुनी राज्य..... (समय सकिएको) ।

(१४:२४ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, विशेष समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ । माननीय सदस्यहरू, अब म सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" को तर्फबाट माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङ्गलाई नेपालको संविधानको धारा ५३ बमोजिमको "नेपाल सरकारको वार्षिक प्रतिवेदन, २०७८/०७९", "महालेखा परीक्षकको ६० औं वार्षिक प्रतिवेदन, २०७९", "राष्ट्रिय महिला आयोगको १५ औं वार्षिक प्रतिवेदन, २०७८/०७९" र "राष्ट्रिय दलित आयोगको दोस्रो वार्षिक प्रतिवेदन, २०७८/०७९" सभासमक्ष पेस गर्न समय उपलब्ध गराउँछु ।

(१४:२५ बजे) **माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङ्ग**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले नेपालको संविधानको धारा ५३ बमोजिमको "नेपाल सरकारको वार्षिक प्रतिवेदन, २०७८/०७९", महालेखा परीक्षकको ६० औं वार्षिक प्रतिवेदन, २०७९", "राष्ट्रिय महिला आयोगको १५ औं वार्षिक प्रतिवेदन, २०७८/०७९" र "राष्ट्रिय दलित आयोगको दोस्रो वार्षिक प्रतिवेदन, २०७८/०७९" सम्मानित सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

(१४:२५ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, "मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८०" माथि राष्ट्रिय सभा नियमावली, २०७५

को नियम ९९ बमोजिम कुनै पनि माननीय सदस्यबाट विरोधको सूचना प्राप्त नभएको जानकारी गराउँछु ।

माननीय सदस्यहरू, अब म माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरूङ्गलाई "मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८०" सभासमक्ष पेस गर्न अनुमति दिन्छु ।

(१४:२६ बजे) **<u>माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङ्ग</u>**:- सम्माननीय अध्यक्ष महोदय, अनुचित लेनदेनको कार्यलाई फौजदारी कसुर कायम गरी सजायको व्यवस्था गर्न र भ्रष्टाचारमा हुने लेनदेनसम्बन्धी व्यवहारलाई व्यवस्थित र पारदर्शी बनाउने व्यवस्था गर्न संघीय संसदको अधिवेशन चालु नरहेको तत्कालीन अवस्थामा मिति २०८०/०१/२० मा "मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश जारी भएको थियो । मुलुकी देवानी संहिता, २०७४ मुलुकी देवानी कार्यविधि संहिता, २०७४ मुलुकी अपराध संहिता २०७४ र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ लाई संशोधन गर्न जारी भएको उक्त अध्यादेश प्रतिनिधि सभाबाट मिति २०८०/०१/२७ मा र राष्ट्रिय सभाबाट मिति २०८०/०२/०५ मा स्वीकृतसमेत भैसकेको छ । संघीय संसदको दुवै सदनबाट स्वीकृत भएको उक्त अध्यादेशले गरेको व्यवस्थालाई निरन्तरता दिन आवश्यक भएकोले अध्यादेशलाई प्रतिस्थापन गर्ने गरी तयार गरिएको प्रस्तुत "मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८०" सम्माननीय अध्यक्ष महोदयको अनुमतिले सम्मानित सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

(१४:२७ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक आजै १६ मिनेटपछि बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक आजै १६ मिनेटपछि बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगितः- १४:२७ बजे ।**